# कीर्तिपुर राजपत्र

खण्डः १ कीर्तिपुर, असार ४ गते, २०७५ साल संख्या ५

**भाग-२**

**कीर्तिपुर नगरपालिका**

संवत २०७५ सालको निर्देशिका ं. १

**निर्देशिका नाम : कीर्तिपुर नगरपालिका फोहरमैला व्यवस्थापन तथा प्लाष्टिक झोला प्रतिबन्ध सम्बन्धि निर्देशिका, २०७५**

**प्रस्तावना :** फोहरमैलाबाट जनस्वास्थ्य तथा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई कम गरी स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्नका लागि फोहरमैलाको स्रोतमा नै न्यूनीकरण, पुनः प्रयोग, प्रशोधन वा विसर्जन गरी फोहरमैलाको व्यवस्थित र प्रभावकारी व्यवस्थापन गर्न तथा फोहरमैला व्यवस्थापन जस्तो अत्यन्त जरुरी सेवा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न नेपाल सरकारले “फोहरमैला व्यवस्थापन ऐन, २०६८” जारी गरी उक्त ऐनको दफा ३ ले फोहरमैलाको व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय निकायको हुने व्यवस्था गरेकाले कीर्तिपुर नगरपालिका क्षेत्र भित्रको फोहोरमैलाको संकलन प्रवन्ध र तत् सम्वन्धी श्रोतको परिचालन गर्नका साथै फोहोरमैलाबाट हुने प्रदुषणबाट सर्वसाधारण जनताको स्वास्थ्यमा पर्ने प्रतिकुल प्रभावलाई नियन्त्रण गरी पर्यटकीय नगर कीर्तिपुरलाई स्वच्छ, सुन्दर र हरियाली वनाई राख्न तथा कीर्तिपुर नगरमा दिन प्रतिदिन बढदै गएको प्लाष्टिक जन्य फोहरले नगरको समग्र वातावरण र सुन्दरतामा प्रतिकुल प्रभाव पार्दै गएकोले नगरको फोहर व्यवस्थापन तथा प्लाष्टिक जन्य झोलाहरुको नियमन र व्यवस्थापन गर्न वान्छनीय भएकोले फोहरमैला व्यवस्थापन ऐनको दफा ५१ को

उपदफा २ र ऐ. नियमावली २०७०, प्लाष्टिक झोला नियमन तथा नियन्त्रण निर्देशिका २०६८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) बमोजिम कीर्तिपुर नगरपालिकाको परिषदको अधिकार प्रयोग गरी देहायको निर्देशिका वनाई लागू गरेको छ ।

## परिच्छेद- एक

## प्रारम्भीक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम "कीर्तिपुर नगरपालिकाको फोहरमैला व्यवस्थापन तथा प्लाष्टिक झोला प्रतिबन्ध सम्बन्धि निर्देशिका २०७५" रहेको छ ।

(२) यो निर्देशिका कीर्तिपुर नगरकार्यपालिकाबाट स्वीकृत भए पछि लागू हुनेछ ।

(३) यो निर्देशिका कीर्तिपुर न.पा. संग सम्झौता गरी सहकार्य गर्ने निजी क्षेत्रका संघ संस्थाको हकमा समेत लागू हुनेछ ।

२. **परिभाषा** : विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "ऐन" भन्नाले फोहर मैला व्यवस्थापन ऐन, २०६८ संझनु पर्दछ ।

(ख) "नियमावली" भन्नाले फोहर मैला व्यवस्थापन नियमावली, २०७० संझनु पर्दछ ।

(ग) "निर्देशिका" भन्नाले प्लाष्टिक झोला नियमन तथा नियन्त्रण निर्देशिका २०६८ सम्झनु पर्छ ।

(घ) "नगरपालिका" भन्नाले कीर्तिपुर नगरपालिका संझनु पर्दछ ।

(ङ) "प्रमुख" भन्नाले कीर्तिपुर नगरपालिकाको प्रमुखलाई संझनु पर्दछ र सो शव्दले प्रमुखको काम गर्न तोकिएको व्यक्तिलाई समेत संझनु पर्दछ ।

(च) "नगर प्रहरी" भन्नाले यस नगरपालिकाको नगर प्रहरी भई नियुक्त कर्मचारी सम्झनु पर्छ ।

(छ) "फोहोरमैला" भन्नाले घरेलु फोहरमैला, औद्योगिक फोहरमैला, रासायनि फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला सम्झनु पर्छ र सो शब्दले तल्काल प्रयोग हुन नसक्ने अवस्थामा रहेका, फालिएका वा सडेगलेका, वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएका ठोस, तरल, ग्यास, लेदो, धुवाँ, धुलो, विद्युतीय तथा सूचना प्रविधिका लागि प्रयोग भएका सामग्रीहरु लगायतका पदार्थ वा त्यस्तै प्रकारका अन्य बस्तुहरु वा अनाधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्पलेट र नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी फोहरमैला भनी तोकिदिएको अन्य बस्तु समेतलाई जनाउनेछ ।

(ज) "हानिकारक फोहोरमैला" भन्नाले प्राकृतिक वातावरणमा ह्रास ल्याउने, मानव तथा अन्य प्राणीको स्वास्थ्यमा हानि नोक्सानी पुऱ्याउने विभिन्न रुपमा निष्कासित बस्तु, पदार्थ तथा रेडियो विकिरण सम्झनु पर्छ ।

(झ) "प्रदुषण" भन्नाले फोहोरमैलाबाट निष्कासित ठोस, तरल वा ग्यास वस्तुको संयोजनबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपले प्रभाव परी वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानि नोक्सान पुऱ्याउने वा वातावरणको प्रयोजनमा हानि नोक्सानी पुऱ्याउने क्रियाकलाप सम्झनु पर्छ ।

(ञ) "विसर्जन" भन्नाले फोहरमैलाको अन्तिम निष्कासन तथा व्यवस्थापन सम्झनु पर्छ ।

(ट) "अनुगमन समिति" भन्नाले निर्देशिका वमोजिम बनेको समितिलाई जनाउनेछ ।

(ठ) "स्वास्थ्य संस्थाजन्य फोहरमैला" भन्नाले अस्पताल, क्लिनिक, फार्मेसी, औषधी पसल, ब्लड बैङ्क, प्याथोलोजी, प्रयोगशाला, पशु-स्वास्थ्यजन्य वा स्वास्थ्य अनुसन्धान केन्द्रबाट उत्पादन तथा निष्कासन हुने हानिकारक फोहरमैला सम्झनु पर्छ ।

(ड) "फोहरमैला सङ्कलन" भन्नाले फोहरमैला उत्पादन स्थलबाट उठाउने, घर-घरबाट सङ्कलन गर्ने, सार्वजनिक स्थलमा रहेको फोहरमैला बढार्ने, थुपार्ने, झारपात उखेल्ने तथा अनाधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्पलेट उप्काई सङ्कलन गर्ने कार्य सम्झनु पर्छ ।

(ढ) "फोहरमैला सङ्कलन तथा ढुवानी साधन" भन्नाले फोहरमैला सङ्कलन तथा ढुवानी गर्ने प्रयोजनका लागि प्रयोग गरिने साधन, उपकरण वा औजार सम्झनु पर्छ ।

(ण) यस कार्यविधि प्रयोजनका लागी "प्लास्टिक" भन्नाले पुर्नप्रयोग गर्न नसकिने प्रकृतिका प्लास्टिकजन्य वस्तु वा चिया र कफिका लागी प्रयोग गरीने गिलासलाई समेत जनाउने छ ।

(त) "प्रशोधन" भन्नाले फोहरमैलाको रुप वा गुणमा परिवर्तन गरी अन्य कुनै उपयोगी वस्तु तयार गर्ने, मल, ग्यास, ऊर्जा वा अन्य वस्तु उत्पादन गरी फोहरमैलाको व्यवस्थापन गर्ने प्रक्रिया सम्झनु पर्छ ।

(थ) "प्लाष्टिक झोला" भन्नाले गुणस्तरहिन प्लाष्टिक झोला वा २०x३५ इन्च साईज वा ४० माइक्रोन भन्दा कमका झोलालाई बुझाउने छ ।

(द) "वैकल्पिक झोला" भन्नाले कटन, कागज, कपडा अथवा जुटवाट वनेका दैनिक उपभोग्य वस्तु तथा सामानहरु ओसार पोसार गर्नका लागी बनाइएका झोलाहरुलाई वुझाउने छ ।

(ध) "अधिकार प्राप्त निकाय वा ब्यक्ति" भन्नाले यस निर्देशिकाले तोकेको केही वा सबै कार्यको कार्यान्वयनका निम्ति नगरपालिकाले तोकेको कुनै संस्था, अधिकारी वा कर्मचारीलाई जनाउनुका साथै यस शब्दले प्रमुख प्रशासकिय अधिकृतलाई समेत जनाउने छ ।

(न) "नीजि क्षेत्र" भन्नाले नाफा नकमाउने वा कमाउने गरी स्थापना भएको कम्पनी वा टोल विकास संस्था वा सामाजिक संघ-संस्था तथा अन्तराष्ट्रिय संघ-संस्था समेत भनी बुझ्नु पर्दछ ।

(न) "सार्वजनिक नीजि क्षेत्र साझेदारी" भन्नाले सार्वजनिक क्षेत्र (नगरपालिका) र नीजि क्षेत्रका वीचमा कुनै काम गर्ने सम्बन्धमा कानुन वमोजिम आपसी सहमतिमा हुने लाभ, लागत र जोखिमको साझेदारीलाई संझनु पर्दछ ।

(प) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस निर्देशिका वा नगरपालिकाले समय समयमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ । ।

(फ) "न्युनीकरण" भन्नाले कुनै पनि प्रविधि वा उपायको प्रयोग गरी फोहरमैलाको परिमाण, आकार वा प्रभावमा कम गर्ने कार्य सम्झनु पर्छ ।

## परिच्छेद- २

## फोहरमैला व्यवस्थापन

### ३. फोहरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था :-

१. यस निर्देशिकाको पालना गर्नु सबैको कर्तव्य हुने : यस नगरमा स्थायी वा अस्थायीरुपले बसोवास गर्ने, उद्योग, ब्यापार, ब्यवसाय गर्ने, अध्ययन, औषधोपचार, पर्यटन तथा व्यबसायीक रुपले आवत जावत गर्ने आदि सबैले फोहरमैला ब्यवस्थापन सम्वन्धि निर्देशिकाको पालना अनिवार्य गर्नु पर्नेछ ।

२. जथाभावि फोहरमैला फाल्न वा विसर्जन गर्न नपाइने : उद्योग, ब्यापार ब्यवसाय, पसल, भवन आदिबाट निस्कने फोहरलाई सार्वजनिक स्थल, सडक, किनारा पेटी, नाला, खाली स्थान, कुना काप्चा आदि स्थलमा फाल्न, राख्न, वा थुपार्न पाईने छैन । आ-आफ्नो घर, पसलका कुहिने प्रकृतिको फोहरलाई एउटा डष्टवीन (हरियो) मा र नकुहिने प्रकृतिको फोहरलाई अर्को डष्टवीन ( रातो) मा राखी नगरपालिकाको वा नगरपालिका संग सम्झौता भएको निजी संघ संस्थाको सरसफाई कर्मचारी वा साधन आए पछि जिम्मा लगाउनु पर्नेछ ।

३. सरसफाई कर्मीहरुले टोल, सडक सफाई गरी गैसकेपछि कुनै पनि किसिमको फोहर घर, पसल बाहिर वा सार्वजनिक स्थलमा राख्न फ्याक्न, थुपार्न पाइने छैन ।

४. सडक वा अन्य सार्वजनिक स्थानमा दिशा पिसाव गर्न गराउन पाइने छैन ।

५. तोकिएको स्थान भन्दा वाहेक सडक वा अन्य सार्वजनिक स्थानमा पसल राखी कुनै पनि किसिमको व्यवसाय गर्न पाईने छैन ।

६. सडक वा अन्य सार्वजनिक स्थानमा सडेगलेका फलफूल, तरकारी, हाडखोर वा अन्य कुनै पनि चिज बस्तु फाल्न थुपार्न पाइने छैन ।

७. सेफ्टी ट्याङ्की वा शौचालयबाट निस्कने फोहर जथाभावी बाहिर निस्कासन गर्न पाउने छैन ।

८. अस्पताल, नर्सिङ्गहोम, निजी क्लिनिक वा डिष्पेन्सरीबाट निस्कने संक्रामक र खतराजन्य फोहर सडक, वा अन्य सार्वजनिक ठाउँमा फाल्न, वा निश्कासन गर्न पाइने छैन । त्यस्ता फोहरको सुरक्षित तवरले अन्तिम निस्कासन गर्ने ब्यवस्था सम्वन्धित निकायहरुले आफुले नै गर्नु पर्नेछ । स्वास्थ्य संक्रामकजन्य फोहरहरु कुनै पनि हालतमा अन्य फोहरहरुसंग निश्कासन गर्न पाईने छैन ।

९. औद्योगिक प्रतिष्ठान, उद्योगबाट निस्केका फोहरमैला जथाभावी फाल्न, राख्न वा निस्काषन गर्न पाईने छैन । उद्योग खोल्दाको वखतको शर्त एवं वातावरण संरक्षण सम्वन्धि ऐन नियम निर्देशिकामा ब्यवस्था भए बमोजिम त्यस्ता फोहरमैलालाई अन्तिम निष्कासन गर्ने ब्यवस्था सम्वन्धित प्रतिष्ठान वा उद्योगले गर्नु पर्नेछ ।

१०. उद्योग, पसल, घर, सार्वजनिक प्रतिष्ठान, सरकारी र गैरसरकारी प्रतिष्ठान, विद्यालयहरुलाई अनिवार्य रुपमा डष्टवीन, कन्टेनर वा कम्पोष्ट वीन राख्न नगरपालिकाले अनिवार्य गर्न सक्नेछ ।

११. संकलन भएको फोहरमैलालाई ब्यवस्थित रुपले तह लगाई नगर सौन्दर्य, वातावरणीय स्वच्छता र सार्वजनिक स्वास्थ्यमा सुधार ल्याउने उद्देश्यले संभाब्य र उपयुक्त ठहरिएको एक वा एक भन्दा बढी स्थानमा कम्पोष्ट चेम्वर, फोहरमैला स्थानान्तरण केन्द्र र अन्तिम निस्काशन स्थल (Landfill Site) को ब्यवस्था गर्न सक्नेछ ।

१२. फोहरमैलालाई श्रोत (घर, पसल आदि) मा नै कुहिने र नकुहिने गरी छुट्ट्याउने आदेश दिई सोही अनुसार संकलन गरी त्यसलाई ब्यवस्थित गर्नेछ वा कुहिने प्रकृतिको फोहरलाई श्रोतमा नै कम गर्न एक घर एक कम्पोष्ट वीनको नीति लागु गर्न सक्ने छ ।

१३. नगरपालिकाले संकलन भएको फोहरमैला तोकिएको स्थानान्तरण केन्द्रमा जम्मा गरी छुट्याई त्यस्को अन्तिम निस्काशनको समुचित ब्यवस्था गर्नेछ ।

१४. नगरपालिकाले निजी वा सार्वजनिक फोहरमैलाको कारणबाट मानव, पशुपंक्षी, बोटविरुवा वा अन्य तवरले प्राकृतिक सन्तुलनमा प्रतिकुल प्रभाव पर्ने गरी वा पारेमा वा पर्ने भएमा प्रदुषण निवारणको लागि आवश्यक ब्यवस्था गर्ने छ ।

१५. सार्वजनिक स्वास्थ्यलाई ध्यानमा राखी निजी वा सार्वजनिक क्षेत्रमा हानिकारक फोहरमैला राख्न, फाल्न, गाड्न, पोल्न वा कुनै किसिमबाट संचय, निस्कासन वा नष्ट गर्न निषेध गर्न सक्ने छ ।

१६. नगरक्षेत्रमा फोहरमैला ब्यवस्थित वा नियन्त्रण गर्ने कार्यको दैनिक रुपमा निरीक्षण गर्न वा आवश्यकता अनुसार अनुगमन वा निरीक्षण टोली खटाउन वा स्थानीय टोल विकास संस्थालाई जिम्मेवारी दिन सक्नेछ । यसकार्यमा सहयोग गर्नु सबैको प्रमुख कर्तब्य हुने छ ।

१७. नगरपालिकाले उपलब्ध गराएको सडक, फोहरमैला ब्यवस्थापन तथा ढल निर्माण आदि सेवा उपयोग गर्ने उद्योग, ब्यवसाय र नगरवासीहरुले नगरपालिकाले समय समयमा निर्धारण गरे बमोजिमको सेवा शुल्क बुझाउनु पर्ने छ ।

१८. नगरपालिकाले नगरक्षेत्र भित्रका पुनः प्रयोग हुन सक्ने मालसामान संकलन गर्ने संकलनकर्ता (कवाडीवाला) लाई प्रोत्साहित गर्न सक्ने छ ।

१९. वातावरण तथा सरसफाईलाई प्रतिकुल पर्ने उद्योग ब्यापार ब्यवसाय संचालन गर्न रोक लगाउन सकिने छ ।

२०. सार्वजनिक स्थल, सडक, नाला र भवनलाई असर पर्ने गरी निर्माण सामाग्री, यातायातका साधन चौपाया बाँध्ने, चराउने, पगाहा लगाउने वा राख्न आदि कार्य गर्न पाइने छैन ।

२१. घरपालुवा कुकुरलाई सार्वजनिक स्थलमा शौच गराउने कार्य गर्न पाईने छैन ।

**४. विशेष सरसफाई क्षेत्र तोक्न सक्ने :-**

क) नगरको सौन्दर्यतालाई बचाई नगरको इज्जत प्रतिष्ठा बृद्धिका लागि नगरको मुख्य भाग, सार्वजनिक ऐतिहासिक मठ मन्दिर एवं प्राकृतिक सौन्दर्य क्षेत्रलाई चार किल्ला तोकी नगरपालिकाले विशेष सरसफाई क्षेत्र घोषणा गर्न सक्नेछ ।

ख) कुनै टोल विकास संस्था वा वडा समिति वा सामाजिक संघ संस्थाबाट विशेष सरसफाई क्षेत्र तोक्न अनुरोध भई आएमा नगरपालिकाले विशेष सरसफाई क्षेत्र तोक्न सक्नेछ ।

ग) एक बिद्यालय एक ऐतिहासिक सम्पदाको सरसफाई गर्न नगरपालिका अन्तर्गतका निजी, सामुदायिक बिद्यालयलाई प्रयोगमा ल्याईने छ साथै उक्त बिद्यालयले आफ्नो वरपरको (१०० मी.) क्षेत्र भित्रको सरसफाई कार्य गर्न लगाउन सक्नेछ ।

घ) ठोस फोहरमैला ब्यवस्थापन र सरसफाईमा उत्कृष्टता हासिल गर्ने वडा समिति वा टोल विकास संस्था वा सामाजिक संघ संस्थालाई नगरपालिकाले पुरस्कृत र प्रोत्साहित गर्न सक्ने छ ।

**५. फोहर उत्पादन गर्ने प्रकृतिका व्यवसाय संचालन :-**

(क) नगरपालिका क्षेत्र भित्र इजाजत लिएर ब्यवसाय संचालन गर्दा सार्वजनिक जनस्वास्थ्यमा प्रत्यक्ष प्रभाव पार्ने प्रकृतिका ब्यवसाय जस्तै होटल, रेष्टुरा, मिठाई पसल, माछा, मासु विक्री पसल आदि सञ्चालन गर्दा वातावरणीय सरसफाई लगायत उपभोक्ता संरक्षण ऐन नियमको उलंघन नहुने गरी उद्योग ब्यापार ब्यवसाय गर्नुपर्नेछ ।

(ख) पशु बध गर्दा नगरपालिकाले तोकेको स्थानमा बध गरी सके पछि त्यसबाट निस्किएको फोहरमैला नगरपालिकाले तोकेको स्थानमा लगी जम्मा वा अन्तिम नष्ट गर्नु पर्नेछ । यो सुविधा उपलब्ध गराए वापत नगरपालिकाले सरसफाई सेवा शुल्क लगाउन सक्ने छ ।

## परिच्छेद-३

**६. सार्वजनिक नीजि साझेदारी सम्बन्धी व्यवस्था :-**

(क) नगरको फोहरमैला व्यवस्थापनका लागि नगरपालिकाले सार्वजनिक निजी साझेदारीको अवधारणामा कार्य गर्न गराउन सक्ने छ ।

ख) यसरी सार्वजनिक नीजि साझेदारीको अवधारणामा कार्य गर्दा गराउँदा ऐन, नियमावली, लगायत अन्य प्रचलित नेपाल कानुन बमोजिम हुने छ । नगरपालिका र फोहरमैला व्यवस्थापन गर्ने नीजी संघ संस्था संग आपसी समझदारीमा सम्झौता (MoU) गर्नेछ ।

ग) सार्वजनिक नीजि साझेदारीमा कार्य गर्दा गराउँदा लाभ, लागत र जोखिम दुबै पक्षमा रहने गरी व्यवस्थापन गरिने छ ।

घ) सार्वजनिक नीजि साझेदारीमा कार्य गर्दा गराउँदा सके सम्म स्थानीय स्तरमा रहेका नीजि क्षेत्रलाई साझेदारको रुपमा लिइने छ ।

ङ) स्थानीय क्लब, सामुदायिक संस्था, बिद्यालय, टोल विकास संस्था, गैर सरकारी संस्था वा नाफा आर्जन गर्ने उद्देश्यले स्थापना भएका कम्पनीहरु वा अन्य स्थानीय तथा वाह्य संघ संस्थाहरुलाई नीजि क्षेत्रका रुपमा लिन सकिने छ ।

च) विभिन्न स्थानमा फरक फरक नीजि क्षेत्र परिचालन भएको अवस्थामा सबैको कार्य प्रति एक रुपता ल्याउनका लागि सबै साझेदारहरुको संलग्नतामा नगर स्तरीय संयन्त्र तयार गरी सोही संयन्त्र मार्फत सार्वजनिक नीजि साझेदारीका क्रियाकलापहरुलाई व्यवस्थित र नियमित गर्ने व्यवस्था नगरपालिकाले मिलाउन सक्नेछ ।

छ) फोहरमैला व्यवस्थापन गर्न नगरपालिका संग MoU गरेका संघ संस्थाहरुले फोहरमैला उत्पादक सँग सरसफाई सेवा शुल्क लिनेछ । यसरी लिने शुल्क नगरपालिकाले तोकि दिए (अनुसुचि १) बमोजिम हुनेछ । साथै न.पा. ले समयानुकुल दररेट रकम परिवर्तन गर्न सक्नेछ ।

ज) फोहरबाट मोहर कार्यक्रमका लागि नगरपालिकाले स्थानिय महिला समुहहरुलाई सक्रिय बनाउनेछ ।

ज) सहज र सरल रुपमा फोहरमैलाको व्यवस्थापन गर्ने प्रयोजनका लागि नगरपालिकाले नगरवासीलाई पारिवारिक परिचय पत्र उपलब्ध गराउन सक्ने छ । यसरी परिचय पत्र उपलब्ध गराउँदा नगरपालिकाले उक्त परिचय पत्रको बहु उपयोग हुने गरी तयार गर्ने छ र यसको प्रयोग नगरपालिकाको सम्पुर्ण सेवा सुविधासँग जोडन सक्नेछ ।

## परिच्छेद - ४

### ७. प्लाष्टिकका बस्तुहरुको प्रयोग र त्यसको नियमन सम्बन्धी व्यवस्था :-

### ७.१ प्लाष्टीक झोला प्रयोग गर्न निषेध

क) सार्वजनिक स्वास्थ्य तथा वातावरणीय संरक्षणलाई ध्यानमा राखी तोकिएको मापदण्ड भन्दा कम गुणस्तरको प्लाष्टीकको झोला (२०x३५ इन्च साइज वा ४० माईक्रोन भन्दा कम) आयात, निर्यात, विक्री वितरण, भण्डारण तथा प्रयोगमा रोक लगाईने छ ।

ख) माछा, मासु, विस्कुट, पाउरोटी, चाउमीन आदि बस्तुहरु कम गुणस्तरको प्लाष्टिकको झोला थैला आदिमा पोकोपारी वा वण्डल वाँधी वा प्याक गरी विक्री वितरण वा प्रयोग गर्न पाइने छैन ।

ग) खाद्यपदार्थ तथा जुत्ता, लत्ताकपडा लगायतका बस्तुहरु साथै कम्पनीबाट प्याकिङ्ग भै आएका प्लाष्टीक आदि जथाभावी फ्याक्न, थुपार्न, जलाउन बस्तीमा फ्याक्न पाइने छैन ।

घ) प्लाष्टिक झोलाहरु जो पुर्नचक्रण (Recycle) गर्न नसकिने प्रकृतिका हुन्छन तिनीहरुको प्रयोगमा नगरपालिकाले पुर्ण रुपमा रोक लगाउन सक्ने छ ।

ङ) कुनै चिज वस्तु प्याकिंग भई आएका प्लाष्टिक जन्य पदार्थहरु प्रयोग कर्ताले सुरक्षित रुपमा भण्डारण गरी त्यसलाई विक्रि वितरण गर्ने व्यवस्था आफैले मिलाउनु पर्ने छ ।

च) पुर्नचक्रण गर्न सकिने प्लाष्टिकहरु उपभोग कर्ताले आफै विक्रि वितरण गर्न नसक्ने भएमा त्यस्ता प्लाष्टिकहरु अन्य फोहरमैलामा नमिसाई नगरपालिकाले तोकि दिएको स्थान सम्म पुर्याउनु पर्ने जिम्मेवारी सम्बन्धित उपभोग कर्ताको हुने छ ।

ज) प्लाष्टिकजन्य बस्तुहरु नगरपालिकाले तोकि दिएको स्थानबाट मात्र पुर्नचक्रणको लागि संकलन गर्न सकिने छ । यसरी संकलन गर्दा नगरपालिकाले तोकिएको शुल्क तिर्नु पर्ने व्यवस्था लागु गर्न सकिनेछ ।

झ) कुनै पनि प्रकारका प्लाष्टिक जन्य बस्तुहरु अन्य फोहरमैला सँग मिसाई राख्न पाइने छैन । यसलाई छुट्टै पोका, भाँडा वा वोरामा राखी नगरपालिकाबाट खटिने फोहरमैला संकलकलाई अन्य फोहरमैला भन्दा अलग गरी उपलब्ध गराउनु पर्ने छ ।

ञ) प्लाष्टिकजन्य बस्तुहरु उपभोक्ताले प्रयोग गरि सकेका प्लाष्टिक खोलहरु महिला समुहहरु मार्फत खरिद गर्न लगाई पुनःचक्रणका लागि सम्बन्धित निकायमा बिक्री गर्न नगरपालिकाले सघाउनेछ ।

**७.२ प्लाष्टिक झोला विक्री वितरण सम्वन्धमा**

क) यो कार्यविधी लागु भएपछि कुनै पनि फर्म, कम्पनी वा व्यक्तिले प्लाष्टिक झोला कीर्तिपुर नगर क्षेत्रमा उत्पादन, विक्रि वितरण गर्न पाउने छैन ।

ख) यो कार्यविधी प्रारम्भ हुँदाका बखत प्रचलित कानुन बमोजिम बिक्री वितरण गरी मौज्दातमा रहेका प्लाष्टिक झोला वि.सं. २०७५ साल असार मसान्त अगावै खपत वा उचित व्यवस्थापन गरी सोको जानकारी नगर अनुगमन समिति कीर्तिपुर न.पा. स्वास्थ्य तथा फोहरमैला व्यबस्थापन समितिलाई दिनु पर्नेछ ।

ग) उपबुँदा (ख) को अवधिभित्र खपत वा उचित व्यवस्थापन नगरी मौजुदा रहन गएको प्लाष्टिक झोला नगर अनुगमन समितिले जफत गरी प्रचलित कानुन वमोजिम कारवाहि समेत गरी, उचित तरिकासाथ विसर्जन गर्नेछ ।

**७.३ प्लाष्टिक झोला आयात, भण्डारण, बिक्री वितरण तथा प्रयोग गर्न समेत पाईने छैन ।**

**७.४ कीर्तिपुर नगरपालिकाको दायित्व**

प्लाष्टिक झोलाको प्रयोगलाई नियमन तथा व्यवस्थापन गर्ने प्रयोजनको लागि नगरपालिकाले देहायका कार्य गर्ने वा गराउनेछ ।

क) प्लाष्टिक झोलाभन्दा उत्तम अन्य वातावरणमैत्री थप विकल्प खोज्ने र प्लाष्टिक झोला विस्थापित गर्न स्थानीयस्तरमा सामाजिक परिचालनको माध्यमबाट सहजीकरण गर्ने ।

ख) फोहर मैला व्यबस्थापन तथा प्लाष्टिक झोला प्रतिबन्ध सम्बन्धि हरेक टोलहरुमा विभिन्न बैठक, भेला एवम् अन्तरकृया, अभिमुखिकरण कार्यक्रम आयोजना गरि सचेतना कार्यक्रम गर्नेछ ।

ग) हरेक घरधुरीहरुमा प्लाष्टिक झोलाको बिकल्पमा एउटा कपडाको झोला प्रदान गर्नेछ ।

घ) "3R" (Reduce, Reuse / Recycle) कार्यान्वयन गर्न आवश्यक पहल तथा सचेतना कार्यक्रम गर्ने साथै सुविधा, पुरस्कार प्रदान गर्न नीतिगत व्यवस्था गर्ने ।

ङ) यस कार्यविधीको प्रभावकारी कार्यान्वयनको लागी अनुगमन गर्ने ।

च) प्लाष्टिक झोला नियन्त्रण सम्वन्धि कार्ययोजनालाई सरोकारवाला संस्थाको सहकार्यमा प्रभावकारी तवरले कार्यान्वयन गर्ने ।

छ) प्लाष्टिक झोला नियन्त्रण अभियानलाई निरन्तरता दिनका लागि बार्षिक योजना, कार्यक्रम र बजेटको व्यवस्था मिलाउने ।

ज) कार्यक्रमको सम्वन्धमा आवश्यक प्रचार प्रसार गर्ने गराउने ।

झ) प्लाष्टिक झोला विस्थापन गर्न अर्गानिक (कपडा, कागज वा अन्य) झोला उत्पादन गर्ने उद्योग खोल्ने उद्यमीलाई न.पा. मा लाग्ने बिभिन्न दस्तुरमा समेत छुट दिने ।

**७.५ नगर अनुगमन समिति**

१) प्लाष्टिक झोलाको नियमन तथा नियन्त्रण गर्ने प्रयोजनको लागि नगरपालिकामा देहाय बमोजिमको नगर अनुगमन समिति रहनेछ :-

क) संयोजक - नगरपालिका कार्यपालिका सदस्य मध्ये कुनै १ जना नगर प्रमुखबाट तोकेको ब्यक्ती

ख) सदस्य - स्वास्थ्य तथा फोहरमैला व्यबस्थापन समिति संयोजक वा पदाधिकारी मध्ये १ जना

ख) सदस्य - हरेक वार्डका वार्ड अध्यक्ष

ग) सदस्य - प्रतिनिधि, स्थानिय प्रहरी कार्यालय बाट १ जना, नगर प्रहरी १ जना गरि २ जना

घ) सदस्य - फोहर व्यबस्थापन कार्य गर्ने संघ संस्थाका प्रतिनिधि

ङ) सदस्य - वातावरण संरक्षण क्षेत्रमा काम गरिरहेका वा अधिकारवादी संघ संस्था मध्येबाट नगरपालिकाले तोकेको सम्वन्धित क्षेत्रका महिला प्रतिनिधि ।

च) सदस्य सचिव - नगरपालिकाको जन/स्वास्थ्य शाखामा कार्यरत अधिकृत स्तरको कर्मचारी ।

२) नगरपालिकाले कार्यविधीलाई प्रभावकारी बनाउन आवश्यक उपसमिति तथा हरेक वार्डमा वार्ड अनुगमन समिति गठन गर्न सक्नेछ । उपसमिति तथा वार्ड अनुगमन समितिको काम, कर्तव्य र अधिकार स्वास्थ्य तथा फोहरमैला व्यबस्थापन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**७.६ नगर अनुगमन समितिको काम, कर्तव्य र अधिकार**

क) यस कार्यविधि बमोजिम प्लाष्टिक झोलाको बिक्री वितरण वा प्रयोग भए नभएको अनुगमन गर्ने ।

ख) यस कार्यविधि विपरीत प्लाष्टिक झोलाको बिक्री वितरण, प्रयोग गर्ने व्यवसायी, संस्था वा व्यक्तिबाट प्लाष्टिक झोला जफत गर्ने ।

ग) प्लाष्टिक झोलाको बिक्री वितरण प्रयोग गर्न कम गर्ने किसिमका जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ।

घ) वडा अनुगमन समितिलाई प्लाष्टिक झोला प्रतिबन्धका साथै फोहरमैला व्यवस्थापन सम्बन्धि कार्यमा नगर अनुगमन वा स्वास्थ्य तथा फोहरमैला व्यबस्थापन समिति संग समन्वय र सहकार्य गर्नेछ ।

ङ ) वडा अनुगमन समिति तथा नगर प्रहरीबाट प्राप्त सिफारिसलाई पुनरावलोकन गरी जरिवाना गर्ने ।

च) “3R” का कार्यलाई प्रोत्साहन गर्न आवश्यकता अनुसार सुविधा, पुरस्कार प्रदान गर्न सिफारीस गर्ने ।

छ) खण्ड (ख) बमोजिम जफत भएका प्लाष्टिक झोलाको मुचुल्का बनाई वातावरण मैत्री हुने गरी उपलव्ध प्रविधी अनुरुप नष्ट गर्ने/गराउने ।

ज) जफत भएका प्लाष्टिक झोला नष्ट गर्दा लाग्ने खर्चमा २५ प्रतिशत थप गरी हुन आउने रकम कसुरदारबाट असुल उपर गर्ने ।

झ) कसुरको मात्रा हेरी सजाय वा जरिवाना गर्ने ।

ञ) प्लाष्टिक झोला नियन्त्रण सम्वन्धि नगरपालिकाले तोके बमोजिमको अन्य काम गर्ने ।

**७.७ प्लाष्टिक झोला नियन्त्रण प्रकृया**

नियम ७.५ अनुसार गठित नगर अनुगमन समिति, उपसमिति, स्वास्थ्य तथा फोहरमैला व्यबस्थापन समितिबाट नगर क्षेत्रमा प्लाष्टिक झोला नियन्त्रणको लागि स्थानीय स्तरमा समय समयमा अनुगमन गर्न

सक्नेछ । अनुगमन गर्दा प्लाष्टिक झोला भण्डारण, बिक्री वा प्रयोग भएको पाईएमा निम्नानुसार प्रकृया बमोजिम कारवाही गरिनेछ :

क) प्लाष्टिक झोलालाई अभिलेख राखी नियन्त्रणमा लिने ।

ख) प्लाष्टिक झोला भण्डारण, बिक्री वा प्रयोगकर्तालाई कार्यविधीको बुँदा (७.९) अनुसार तुरुन्तै जरिवाना गर्ने ।

ग) प्लाष्टिक झोला नियन्त्रणमा लिएको सुचना तत्कालै नजिकको उपयुक्त स्थानमा सार्वजनिक गर्ने ।

**७.८ कसुर :**

यस कार्यविधी विपरित प्लाष्टिकको झोला बिक्री वा प्रयोग गरेमा यस कार्यविधिको प्रयोजनको लागि कसुर गरेको मानिनेछ ।

**७.९ दण्ड सजाय :**

१) यस कार्यविधी विपरित काम गर्ने बिक्रेता वा प्रयोगकर्तालाई कसुरको मात्रा हेरी नगरपालिकाले देहाय बमोजिम जरिवाना वा सजाय गर्न सक्नेछ :

क) प्लाष्टिक झोला बिक्रेतालाई प्रथम पटकको लागि रु.५००/- (पांचसय रुपैंया) र दोश्रो पटक देखी हरेकपटक रु. १००० /- (एक हजार रुपैंया) का दरले जरिवाना गरिनेछ ।

ख) प्लाष्टिक/पोलिथिन झोला प्रयोग गर्नेलाई प्रथम पटक रु. २००।- दोस्रो पटक रु. ५००।- र तेस्रो पटक रु. १०००।- जरिवाना गरिनेछ । त्यसपछि पनि प्रयोग गरे नाम सार्वजनिक गरी अन्य दण्ड-सजायलाई अगाडि बढाइनेछ ।

२) बुँदा नं.१ को खण्ड (क) र (ख) अनुसारको कार्यविधि उल्लङ्घन गर्ने नगरबासी वा व्यवसायीको नगरपालिकाले व्यवसायिक दर्ता खारेजी तथा कारोबार बन्द गर्न एवं नगरपालिका वाट प्रदान हुने सवै प्रकारका सेवा बन्द गर्न सक्नेछ ।

**७.१० पुरस्कार :**

१) नगरक्षेत्रमा प्लाष्टिक झोलाको बिक्री बितरण, आयात, निर्यात, भण्डारण तथा प्रयोग गरेको सूचना गर्ने व्यक्ति (अनुगमन समितिका सदस्य तथा नगरपालिकामा बहालवाला कर्मचारी बाहेक) लाई पहिलो पटक जरिवाना रकमको २० प्रतिशत रकम पुरस्कार दिईनेछ ।

२) उपबुँदा नं. (१) बमोजिम सूचना गर्ने व्यक्तिको नाम, थर र ठेगाना निजले चाहेमा गोप्य राखिनेछ ।

**७.११ गुनासो सुनुवाई :**

बुँदा नं. ७.९ बमोजिम गरिएको कार्यवाही प्रति चित्त नबुझे सरोकारवालाले जरिवाना भएको मितिले पन्ध्र दिनभित्र नगरपालिकाका प्रमुख समक्ष प्रमाण सहित लिखित रुपमा गुनासो पेश गर्न सक्नेछ । सो गुनासो उपर नगरपालिकावाट गुनासो पेश भएको एक हप्ताभित्र सुनुवाई गरिसक्नुपर्नेछ ।

**७.१२ अधिकार प्रत्यायोजन :**

यस कार्यविधि अनुसार कार्य गर्न नगरपालिकाले स्वास्थ्य तथा फोहरमैला व्यबस्थापन वा नगर/वार्ड अनुगमन समिति, उपसमिति वा अधिकृत कर्मचारीलाई आवश्यकता अनुसार अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

**७.१३ कार्यविधिमा हेरफेर :**

यो कार्यविधि कार्यान्वयनका लागि आवश्यकता अनुसार संसोधन वा थपघट गर्नु परेमा नगर परिषदबाट आवश्यक परिमार्जन वा थपघट गर्न सकिनेछ ।

## परिच्छेद - ६

**८. छाडा तथा बहुला कुकुर नियन्त्रण :-**

क) नगरवासीले पालेको कुकुरलाई समय समयमा रेविज विरुद्धको सुई लगाउनु पर्नेछ ।

ख) छाडा छाडिएका वा बहुला कुकुरहरु नगरपालिकाले पशु अस्पताल मा आवस्यक उपचारका लागि पठाउन वा मार्न लगाउन सक्नेछ ।

ग) घर पालुवा कुकुरहरुले गर्ने फोहर सम्बन्धित धनिले नै व्यवस्थापन गर्नु पर्ने छ । यसरी व्यवस्थापन गर्दा सार्वजनिक जग्गा वा सडक क्षेत्रमा गर्न पाईने छैन ।

**९. छाडा पशुपंक्षी नियन्त्रण :-**

क) विभिन्न किसिमका महामारी फैलन सक्ने, वाली विरुवा नोक्सान पार्ने, सार्वजनिक यातायात, पैदलयात्रीहरुलाई कठीनाई पुऱ्याउने वा नगरक्षेत्रको स्वच्छता र सौन्दर्यतामा खलल पुऱ्याउने हिसावबाट सुंगुर/वंगुर, हाँस, घोडा, खच्चर, गधा, गाई, भैसी, बाख्रा जस्ता चौपाया र पंक्षी छाडा छोड्न पाइने छैन ।

ख) नगरपालिकाले नगरक्षेत्र भित्र छाडा छाडिएका चौपायालाई पक्राउ गरी कान्जीहाउसमा राख्ने छ ।

ग) कान्जी हाउसमा थुनामा रहेको चौपाया बारे ७ (सात) दिने सार्वजनिक सूचना गरी लिन आउने अन्यथा लिलाम विक्री हुने सार्वजनिक सूचना गर्नेछ ।

घ) सात दिनको म्याद भित्र चौपाया धनीले चौपाया बुझी नलगेमा त्यस्को ३ दिन भित्र सार्वजनिक गरि लिलाम बढावढ गराई कार्यालयले विक्री गर्नेछ ।

ङ) कान्जीहाउसको महसुल दर नगरपालिकाले तोकेबमोजिम हुने छ ।

च) लिलाम विक्रीबाट प्राप्त रकम कसैको क्षतिपूर्ति दिनु पर्ने भए दिई बाँकी सम्पूर्ण रकम नगरपालिकाको कोषमा आम्दानी वाधिने छ ।

छ) लिलाम विक्रीको सम्पूर्ण प्रकृया पुरा गर्दा पनि कुनै चौपाया लिलाम विक्री हुन नसकेमा नगरपालिकाले प्रचलित कानूनले निषेध गरेका चौपाया वाहेकलाई मार्न वा जुनसुकै प्रकृया अवलम्वन गरी नगरवाहिर पुऱ्याउन सक्नेछ ।

ज) नगरक्षेत्र भित्र छाडा छाडिएका चौपायाहरु समातेर ल्याउने कर्मचारी, ब्यक्ति, संघसंस्थालाई नगरपालिकाले प्रोत्साहन पुरस्कार प्रदान गर्नेछ ।

**१०. लास जलाउने, गाड्ने र मरेका चौपाया गाड्ने :-**

क) नगरपालिकाले नगर र नगरवासीको हित, समुन्नती, वातावरणीय पक्ष तथा सार्वजनिक स्वास्थ्यलाई ध्यानमा राखी शवदाहा तथा शव गाड्ने स्थल तोक्न सक्ने छ ।

ख) नगरपालिकाले तोकेको स्थल वाहेक अन्यत्र शवहरु दाहासंस्कार गर्न वा गाड्न पाइने छैन ।

ग) सार्वजनिक स्वास्थ्यलाई ध्यानमा राखी लास जलाउँदा पुरै जलाउनु पर्नेछ तथा गाड्ने संस्कार भएकाले पनि कुनै जनावरले खोतल्न नसक्ने गरी गाड्नु पर्नेछ ।

घ) नगरपालिकाले सार्वजनिक स्वास्थ्य स्थितिलाई ध्यानमा राखी मरेका चौपाया पंक्षी गाड्ने स्थल तोक्न सक्ने छ ।

ङ) नगरपालिकाले तोकेको स्थलमा शवहरु दाहसंस्कार गर्दा वा गाड्दा वा मरेका चौपायाहरु गाड्दा नगरपालिकाले सेवा शुल्क निर्धारण गर्न सक्नेछ । यस प्रकारको सेवाको उपयोग गरेको अवस्थामा तोकिएको शुल्क बुझाउनु पर्नेछ ।

च) लास जलाउने गाड्ने र मरेका चौपायालाई गाड्नका लागि नगरपालिकाद्धारा साझेदार निजी संघ संस्थालाई उक्त कार्य गर्न निश्चित रकम दिइ कार्य गर्न लगाउनेछ ।

**११. दण्ड सजाय :-**

क) ऐन तथा नियमावली बमोजिम तोकिएको कामकुराहरु उलंघन गर्ने ब्यक्ति वा संघ संस्थालाई सोही ऐन नियमावलीमा तोकिए बमोजिमको दण्ड जरीवाना हुने छ । यस निर्देशिकामा उल्लेख भएका काम

कुराहरुको उलंघन गर्ने ब्यक्ति ब्यवसाय, संघसंस्थालाई नगर प्रहरी वा सम्वन्धित शाखाबाट प्रतिवेदन तयार गरी सम्वन्धित वडा समितीको सिफारिसमा नगर प्रमुख वा स्वास्थ्य तथा फोहरमैला व्यबस्थापन समितिले फोहरमैला व्यवस्थापन ऐन २०६८ बमोजिम दण्ड जरीवाना वा सजाय गर्न सक्ने छ।

ख) बुदा नं. ११ (क) बमोजिमको जरिवाना रकम असुल नभएसम्म यसै निर्देशिकाको नं. १२ अनुसार अटेरी ब्यक्तिको सूचीमा लगत राखी नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधा रोक्का राखिनेछ साथै सरकारी बाँकी सरह असुल उपर गर्नका लागि प्रचलित कानुन बमोजिम आवश्यक कारवाही अघि बढाईने छ।

ग) यस कार्यविधिमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र अन्य कुराहरुको हकमा फोहोरमैला व्यवस्थापन ऐन २०६८, नियमावली २०७० बमोजिम भए नभएको निरीक्षणका लागि यसै कार्यविधिको दफा ७.५ अनुसारको अनुगमन समितिका साथै स्वास्थ्य तथा फोहरमैला व्यबस्थापन समिति, उपसमिति, वार्ड अनुगमन समिति, कर्मचारी, नगर प्रहरी आदि निरीक्षण गर्न आएको वखत घरमालिक वा मेनेजर वा सम्बन्धित व्यक्तिले आवश्यक सहयोग गर्नुपर्नेछ।

घ) यस कार्यविधिले उल्लेख गरेका कुराहरु पालन नगर्ने व्यक्ति, संस्था वा निकायलाई तपसिल अनुरुप दण्ड सजाय गरिनेछ :-

तपसिल

अ) सार्वजनिक ठाँउमा फोहोर फ्याँक्नेलाई रु.१५०० देखि रु. ५००० सम्म।

आ) सार्वजनिक ठाँउमा चौपाया वाध्ने तथा छोड्नेलाई प्रथम पटक रु.५०० ।- दोस्रो पटक रु. १०००।- र क्षति/विगो वरावरको रकम र तेस्रो पटक पनि छाडा छोडेमा नियन्त्रणमा लिई काञ्जी हाउसमा राखी लिलाम विक्रीको प्रकृयामा लगिनेछ।

ङ) तोकेको डष्टवीन वा कम्पोष्ट वीनको प्रयोग नगर्ने तथा औषधि जन्य वस्तु तोकिएको डष्टवीनमा नराख्ने वा सिरिञ्ज/सिसालाई इलेक्ट्रिक मेसिनबाट जलाई व्यवस्थापन नगर्ने व्यक्ति वा संस्थालाई रु. ५,०००।- देखि रु. २५,०००।- सम्मको जरिवाना गरिनेछ।

छ) सार्वजनिक तथा खुल्ला ठाउँमा दिशा गर्नेलाई प्रथम पटक रु. ५००।- दण्ड जरिवाना र दोहोरिदा प्रत्येक पल्ट रु.१,०००।- तथा अटेरी गरेको पाइएमा नाम सार्वजनिक गर्न सकिनेछ।

**१२. अटेरी व्यक्ति, संस्थाको कालो सूचिमा नाम दर्ता :-**

क) न.पा. क्षेत्र भित्र जथाभावी फोहोर गर्ने वा यस कार्यविधिको उलंघन गर्ने व्यक्ति, संघ-संस्थालाई सो

नगर्न न.पा.ले सूचना गर्नेछ। सुचना प्राप्त गरिसकेपछि पनि सम्पर्क नगर्ने तथा निर्देशन र सूचनाको उल्लंघन गर्ने व्यक्ति, संघ-संस्थाको नाम कालो सूचिमा दर्ता गर्नेछ। अटेरी व्यक्ति वा संघ-संस्थाले तोकिएको कार्य नगरेसम्मका लागि न.पा. बाट कुनै किसिमको सिफारिस वा सेवा सुविधा प्रदान गरिने छैन।

**१३ विविध :**

यस कार्यविधिको पालना गर्नु सबै सरोकारवालाको नैतिक तथा कानुनी कर्तव्य हुनेछ।

१४. खारेजी तथा बचाउ

प्रमाणिकरण मितिः- २०७५/०३/०६

आज्ञाले,
(निरन्जन श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत